कृषि तथा वन विज्ञान विश्वविद्यालय
पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

फोन नं. : ०५६-५९२१३१
फ्याक्स नं. : ०५६-५२६०१४

प.सं. २०७७।०७८
च.नं. १०७।०७७-०७८

मितिः२०७७।११।०५

## B. V. Sc. & A. H. र B. Sc. Fisheries मा विद्यार्थी भर्ना सम्वन्धी सूचना

शैक्षिक वर्ष २०७७/०७८ का लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय, रामपुर, चितवनमा संचालन हुने स्नातक तहका B. V. Sc. & A. H. र B. Sc. Fisheries कार्यक्रममा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन तथा भर्ना सम्बन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराइन्छ । आवेदन फारम **Online** बाट मात्र भर्न सकिनेछ । आवेदनका साथमा आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्कपत्र, नागरिकता, हालसालै खिचेको पासपोर्ट साइजको फोटो र आवेदकको हस्ताक्षरको नमुना संलग्न गर्नु पर्नेछ । साथै, नेपाल बाहिरका विश्वविद्यालय वा संस्थाबाट प्रमाणपत्र तह उत्तीर्ण गरेका आवेदकहरुले समानस्तर निर्धारणको प्रमाणपत्र समेत पेश गर्नुपर्ने छ ।

मितिः २०७६/१०/२८ मा प्रकाशित सूचना अनुशार B. V. Sc. & A. H. र B. Sc. Fisheries मा भर्नाको लागि आवेदन दिएका विद्यार्थीहरुको आवेदन फारम शैक्षिक सत्र ०७७/०७८ को लागि समावेश गरिएको हुँदा पुन आवेदन फारम भर्नु नपर्ने व्यहोरा सम्वन्धित विद्यार्थीहरुलाई जानकारी गराइएको छ ।

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यताः** SEE वा सो सरहको परीक्षामा कम्तीमा द्वितीय श्रेणी वा 'C'+ Grade मा उत्तीर्ण भई I. Sc. वा १०+२ विज्ञान, कृषि /पशु विज्ञान विषयमा प्राविधिक तह वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री, वायोलोजीमा कम्तीमा ५० पूर्णाङ्कको गणित र फिजिक्स विषय अध्ययन गरी कुल प्राप्ताङ्कको कम्तीमा ५०% अङ्क वा माथि उल्लेखित प्रत्येक विषयमा 'C' Grade का साथै कूल प्राप्ताङ्कमा 'C' + Grade प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ । Theory र Practical दुवै भएको विषयको हकमा एकमुष्ट कम्तीमा 'C' Grade हुनुपर्नेछ ।

**२. आवेदन दिने मिति र समय :** आवेदन फारम २०७७ फागुन ५ गतेदेखि २०७७ फागुन २२ गते राती १२:०० बजे सम्म entrance.afu.edu.np मा log in गरी Online बाट भर्न सकिनेछ । Online आवेदन प्रकृयामा कुनै कठिनाई भएमा online@afu.edu.np मा सम्पर्क गरि प्राविधिक सहयोग लिन सकिनेछ । रीतपूर्वक तथा पूर्ण रुपले नभरिएको online आवेदन उपर कुनै कारर्वाही गरिने छैन ।

**३. आवेदन फारम तथा प्रवेश परीक्षा शुल्क :** यस संकाय अन्तर्गत संचालन हुने दुईवटा कार्यक्रमहरु **B. V. Sc. & A. H. र B. Sc. Fisheries** मध्ये कुनै एउटा कार्यकममा आवेदन दिनको लागि रु. ३,०००। अक्षरुपी तीन हजार मात्र र दुवै कार्यक्रममा आवेदन दिनको लागि रु. ३,५००। अक्षरुपी तीन हजार पाच सय मात्र **सिद्धार्थ बैंक लिमिटेडको खाता नं. ००८१५२६४३३९** मा FAVF Entrance Examination को नाममा जम्मा गर्नुपर्ने छ । बैंक

कृषि तथा वन विज्ञान विश्वविद्यालय
पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल
फोन नं. : ०५६-५९२१३१
फ्याक्स नं. : ०५६-५२६०१४

प.सं. २०७७।०७८
च.नं. १०७।०७७-०७८

मिति:२०७७।११।०५

भौचरमा जम्माकर्ताको नाममा आवेदकको पुरा नाम र स्वयंमको मोबाईल नम्बर अनिवार्य लेखिएको हुनुर्पे छ । एकै मोबाईल नम्बरमा एक भन्दा बढी आवेदकको नाममा रकम जम्मा भएमा मान्ने हुने छैन । अनलाईन माध्यमबाट esewa, Khalti, connect IPS र Siddhartha Bank Smart बाट पनि रकम जम्मा गर्न सकिने छ। अनलाईन माध्यमबाट रकम जम्मा गर्दा संकाय निश्चित गरेर मात्र जम्मा गर्न पर्ने छ । रीतपूर्वक नपठाइएको वा कुनै अन्य कारणले आवेदन रद्द भएको अवस्थामा उपरोक्त शुल्क फिर्ता हुने छैन्।

**४. प्रवेश पत्र बितरण मिति, समय र स्थान :** प्रवेश परीक्षाको प्रवेश पत्र २०७७ फाल्गुन २९ गते बिहान ७.०० बजेदेखि १०.०० बजेसम्म परीक्षा केन्द्रबाट बितरण गरिनेछ । प्रवेश पत्र बुझ्न आउदा आवेदकले आफ्नो सक्कल नागरिकता र Online आवेदन सम्पन्न गरे पश्चात प्राप्त गरेको Confirmation Page (आवेदकको अनिवार्य हस्ताक्षर भएको) लिई स्वयं उपस्थित हुनुपर्नेछ । सम्बन्धित परीक्षार्थीले नागरिकता र Confirmation Page बुझाएपछि मात्र निजलाई प्रवेश पत्र प्रदान गरिनेछ ।

**५. प्रवेश परीक्षा मिति, समय र स्थान :**२०७७ फाल्गुन २९ गते ११ बजे चितवनमा संचालन गरिनेछ । प्रवेश परीक्षा केन्द्रको जानकारी www.afu.edu.np मा पछि प्रकाशन गरिनेछ र प्रवेश पत्रमा समेत उल्लेख गरिने छ ।

**६. भर्नाको आधार :** प्रवेश परीक्षाको प्राप्ताङ्कलाई १००% अङ्क भार दिइनेछ । सोको आधारमा योग्यताक्रम (Merit List) को सूचि तयार गरी योग्यताक्रम (Merit) अनुसार नै विद्यार्थी भर्नाको लागि नामावली प्रकाशन गरिनेछ । प्रवेश परीक्षाको उर्त्तीणाङ्क ५०% हुनेछ । अङ्क बराबर भएमा I.Sc./10+2 को कूल प्राप्ताङ्क (CGPA), सो पनि बराबर भएमा SEE/SLC को कूल प्राप्ताङ्क र सो पनि बराबर भएमा I.Sc./10+2 वोटानी, जुलोजी, केमेष्ट्री, फिजिक्स, गणितको प्राप्त अङ्कलाई आधार मानि योग्यताक्रम (Merit List) को सूचि तयार गरिनेछ ।

**७.** प्रमाणपत्र तहको पाठयक्रमबाट निम्न विषयहरु प्रवेश परीक्षाको प्रश्नपत्रमा समावेश गरिनेछ र सबै प्रश्नहरु बहुबैकल्पिक वस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ ।
क) अंग्रेजी - २० ख) केमेष्ट्री - २० ग) फिजिक्स - १५ घ) बोटानी - २०
ङ) जुलोजी - २० च) गणित - १५ छ) सामान्य ज्ञान - १०

प्रवेश परीक्षामा **१२०** वटा प्रश्नहरु हुनेछन् जसका लागि **१ घण्टा ३०** मिनेटको समय दिइनेछ ।

**८. परीक्षाफल प्रकाशन :** प्रवेश परीक्षा संचालन गरिएको मिति २०७७ फाल्गुन २९ गते बेलुका नै परीक्षाफल प्रकाशन गरिनेछ र उक्त जानकारी www.afu.edu.np मा गई प्राप्त गर्न सकिनेछ ।

**वेभसाइट** : www.afu.edu.np
**सम्पर्क कार्यालय**: - पो.व.नं.१३७१२ विनायक, धुर्वमार्ग, मीनभवन, काठमाडौ
फोन नं. : ०१-४१०६२४७, फयाक्स नं. : ०१-४१०६२४८

कृषि तथा वन विज्ञान विश्वविद्यालय
पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल
फोन नं. : ०५६-५९२१३१
फ्याक्स नं. : ०५६-५२६०१४

प.सं. २०७७।०७८
च.नं. १०७।०७७-०७८

मिति:२०७७।११।०५

**९. भर्नाका लागि पेश गर्ने आवश्यक कागजात तथा प्रमाणपत्रहरु :** भर्ना हुनका लागि आवेदन साथ संलग्न सम्पूर्ण कागजात तथा प्रमाणपत्रहरु सक्कलै पेश गर्नुपर्नेछ । भर्नाको समयमा पेश गर्नुपर्ने कागजात तथा प्रमाणपत्रहरु :

क) पासपोर्ट साइजको फोटो ३ (तिन) प्रति
ख) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र
ग) SEE/SLC को सक्कल लब्धाङ्क (Transcript) र चारित्रिक प्रमाणपत्र
घ) प्रमाणपत्र तहको सक्कल लब्धाङ्क (Transcript) र चारित्रिक प्रमाणपत्र
ङ) प्रमाणपत्र तहको सक्कल स्थायी प्रमाणपत्र Provisional Certificate
च) समानस्तर निर्धारण (Equivalent) को प्रमाणपत्र (प्रमाण पत्र तह नेपाल बाहिरको विश्वविद्यालय वा संस्थाबाट उत्तिर्ण गरेकाहरुलाई मात्र)
छ) सम्बन्धित कोटामा भर्ना हुन पेश गरेको सम्वन्धित निकायको सक्कल सिफारिस पत्र
ज) प्रवेश परीक्षाको सक्कल प्रवेश पत्र

**पुनश्च :** भर्ना हुन आउंदा उपरोक्त सम्पूर्ण सक्कल कागजात सहित तोकिएको मिति र समयभित्र तोकिएको भर्ना दस्तुर डीन कार्यालयको लेखा शाखामा दाखिला गरी आवेदक वा अभिभावक स्वयं उपस्थित भई यस संकायको शैक्षिक प्रशासनमा सम्पर्क राख्नु पर्नेछ । भर्नाको बेला आवेदनको समयमा पेश गरेको कागजात र साथ ल्याइएको सक्कल प्रमाणपत्रहरुको रुजु गरिनेछ । कुनै कागजात अपुग वा बिवरण झुठा ठहरिए वा कुनै कागजात फर्जी ठहर भए त्यस्ता आवेदकको भर्ना प्रक्रिया समावेश गरिने छैन ।

**१०.** मेरिट कोटाको भर्ना सकिएपछि अन्य कोटाहरुको भर्ना सूची एकै पटक प्रकाशित गरिने छ । स्थान रिक्त भएमा, सबै कोटाका लागि ३ (तिन) पटकसम्म नामावाली प्रकाशन गरिनेछ यदि तेस्रो (अन्तिम) पटक प्रकाशित गरेको नामावालीबाट पनि निर्धारित कोटाहरु रिक्त हुन गएमा सबै रिक्त कोटाहरुलाई UDF कोटामा समावेश गरी भर्ना लिइनेछ ।

**११.** प्रवेश परीक्षा उत्तिर्ण भई विश्वविद्यालय विकास शुल्क (University Development Fund, UDF) अन्तर्गत भर्ना हुन चाहने विद्यार्थीहरुले तोकिएको अवधि र ढांचामा नियमानुसार आवेदन दिनु पर्नेछ । उक्त सूचना पछि प्रकाशन गरिने छ । साथै त्यस्ता आवेदकहरु मध्ये निर्धारित कोटाको लागि योग्यता क्रमको आधारमा भर्ना लिइनेछ । UDF कोटामा B. V. Sc. & A. H. र B. Sc. Fisheries भर्ना हुनको लागि क्रमश रु. ४,००,०००।- (अक्षरुपी चार लाख) र रु. २,०५,०००।- (अक्षरुपी दुइ लाख पांच हजार) लाग्नेछ र सो रकम दुई किस्तामा बुझाउनु पर्ने छ ।

**१२.** छात्रा, अपाङ्ग, दलित, जनजाती, मधेसी, सहिद परिवार, द्वन्द पीडित, स्टाफ, स्थानिय कोटा र ७ प्रदेशका विद्यार्थीहरुका लागि केही कोटा छुट्टयाइएको छ । प्रादेशिक कोटामा भर्ना हुनका लागि सोही प्रदेशको नागरिकता र सोही प्रदेशको पूर्ण सरकारी अनुदानमा संचालित सामुदायिक माध्यमिक विद्यालयबाट SEE/SLC परीक्षा उत्तीर्ण गर्ने

कृषि तथा वन विज्ञान विश्वविद्यालय
# पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय
## डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

फोन नं. : ०५६-५९२१३१
फ्याक्स नं. : ०५६-५२६०१४

प.सं. २०७७।०७८
च.नं. १०७।०७७-०७८

मिति:२०७७।११।०५

विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइने हुंदा उक्त कोटामा भर्ना हुन इच्छुक भएमा आवेदकले आफूले SEE/SLC उत्तीर्ण गरेको विद्यालय पूर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्बन्धित जिल्ला शिक्षा समन्वय समितीको सिफारिश पत्र online आवेदन दिदा नै संलग्न गर्नुपर्नेछ र भर्ना हुन आउदा उक्त सिफारिस पत्र सक्कलै पेश गर्नुपर्नेछ । अन्यथा त्यस्ता आवेदन फारम उपर कुनै कार्वाही हुनेछैन् । त्यस्ता विद्यार्थीहरुको संख्या अपुग भएमा मात्र अन्य विद्यार्थीहरुलाई योग्यताक्रमको आधारमा निर्धारित कोटामा भर्ना लिइने छ । छात्रा कोटा र प्रादेशिक कोटा बाहेक अन्य कोटामा भर्ना हुन इच्छुकहरुले प्रवेश परीक्षा उत्तीर्ण हुने मध्य B. V. Sc. & A. H. र B. Sc. Fisheries तहको लागि निम्नानुसारको निकायको प्रमाण सहितको तोकिएको ढाँचामा नियमानुसार आवेदन दिनु पर्नेछ । अपाङ्ग कोटामा विद्यार्थी भर्ना हुनका लागि अपाङ्गको ग्रेडिङ्ग अनुशार प्राथमिकता दिइने छ ।

**क) दलित कोटाः** राष्ट्रिय दलित आयोग / स्थानिय निकाय
**ख) मधेशी कोटाः** सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय / स्थानिय निकाय
**ग) जनजाती कोटाः** आदिवासी जनजाती राष्ट्रिय महासंघ / स्थानिय निकाय
**घ) अपाङ्ग कोटाः** महिला बालबालिका तथा ज्यष्ठ नागरिक मन्त्रालय
**ङ) सहिद परिवार कोटाः** आवेदकको नाता (श्रीमान् श्रीमती, छोरा, छोरी) प्रमाणित हुने सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।
**च) द्वन्द्व पिडित परिवार कोटाः** आवेदकको नाता खुलेको (श्रीमान्, श्रीमती, छोरा, छोरी) प्रमाणित हुने गरी सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/ नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।
**छ) स्टाफ कोटाः** सम्बन्धित शिक्षक/कर्मचारी र आवेदकको नाता खुलेको (श्रीमान/श्रीमती, छोरा, छोरी) नाता प्रमाणित हुने गरि सिफारिस पत्र, नागरिकता प्रमाणपत्र र संकायको सिफारिश पत्र । उक्त कोटामा भर्ना हुन आवेदन दिनेहरु मध्ये निर्धारित कोटामा मेरीटको आधारमा भर्ना लिइने छ । आवेदन दिने मिति पछि प्रकाशन गरिने छ । यो सुविधा २ सन्तानलाई मात्र पाउने प्रावधान रहेकोले सो सुविधा यस विश्वविद्यालयको अन्य संकायवाट प्राप्त गरेको पनि गणना गरीनेछ ।
**ज) स्थानिय कोटाः** पशु बिज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय अवस्थित स्थानको स्थानिय निकाय भरतपुर महानगरपालिकाको सिफारिश पत्र ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय
पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल
फोन नं. : ०५६-५९२१३१
फ्याक्स नं. : ०५६-५२६०१४

प.सं. २०७७/०७८
च.नं. १०७/०७७-०७८

मिति:२०७७।११।०५

१३. B. V. Sc. & A. H. र B. Sc. Fisheries लागि तपशिलमा उल्लेखित अनुसार विद्यार्थी भर्ना लिइनेछ ।

**भर्ना कोटा विवरण :**

| विवरण | B. V. Sc. & A. H. | B. Sc. Fisheries |
|---|---|---|
| मेरिट | २० | ७ |
| प्रादेशिक | ७ | × |
| दलित | १ | १ |
| जनजाति | १ | × |
| मधेसी | १ | १ |
| द्वन्द पीडित /शहिद परिवार | १ | १ |
| अपाङ्ग | १ | १ |
| छात्रा | २ | १ |
| स्थानिय कोटा UDF | २ | २ |
| स्टाफ सहुलियत(अर्ध शुल्क) | १ | १ |
| स्टाफ (पूर्ण शुल्क) | १ | × |
| UDF | १२ | ५ |

**स्टाफ कोटा खाली हुन गएमा UDF कोटामा समावेश गरिनेछ ।**

१४. कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नाम दर्ता (A.F.U. Registration) गर्नु पर्ने हुँदा Migration Certificate को सक्कलै प्रति भर्ना हुन आउदा अनिवार्य रुपले बुझाउनु पर्नेछ । भर्नाको समयमा Migration Certificate नबुझाएमा सम्वन्धित विद्यार्थीलाई भर्ना गर्न संकाय वाध्य हुने छैन, साथै सो को जिम्मेवार बिद्यार्थी आफै हुने छ ।

१५. विद्यार्थीहरुलाई छात्राबास उपलब्ध गराउन संकाय बाध्य हुने छैन् ।

१६. संकायको शैक्षिक वातावरण सुदृढ गर्नकोलागि भर्नाको समयमा अभिभावको रोहवोरमा सहमति पत्रमा हस्ताक्षर गर्नु पर्नेछ ।

☞ थप जानकारीहरु यस संकायको सूचना पाटी वा www.afu.edu.np बाट हेर्न सकिनेछ ।

प्रा. डा. होम बहादुर बस्नेत
डीन